# 'सत्ताको खोजमा' एकाङ्कीमा लैङ्डिक उत्पीडन र प्रतिरोध

उमादेवी गुरागाईं
उपप्राध्यापक, नेपाली शिक्षण विभाग,
सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ।

https://doi.org/10.3126/gyandeep.v11i01.96617

## लेखसार

प्रस्तुत लेख विजय मल्लको सत्ताको खोजमा एकाङ्कीको लैङ्किक उत्पीडन र प्रतिरोधको विश्लेषणमा केन्द्रित रहेको छ । समाजमा रहेका कुनै पनि व्यक्ति महिला, पुरुष वा तेस्रो लिङ्गी भएकै आधारमा उसलाई मानसिक, शारीरिक तथा यौनिक रूपमा आघात पुग्ने गरी गरिएको हिंसालाई लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध सम्बन्धित पक्षले गरेको प्रतिकारलाई प्रतिरोध भनिन्छ। यस एकाङ्कीमा प्रयुक्त पात्रमा उत्पीडन र प्रतिरोधको प्रयोगको अवस्था के–कस्तो रहेको छ भन्ने मुख्य समस्यामा केन्द्रित भई त्यसको विश्लेषणमा केन्द्रित रहनु यस लेखको उद्देश्य रहेको छ । यसमा पुस्तकालयबाट सङ्कलन गरिएको सत्ताको खोज एकाङ्कीलाई प्राथमिक स्रोतको सामग्री र विभिन्न पुस्तक, पत्रपत्रिका तथा इन्टरनेटमा उपलब्ध सामग्रीलाई द्वितीय स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । गुणात्मक ढाँचामा आधारित भई तयार गरिएको यस लेखमा प्रस्तुतीकरणका विधिका रूपमा भने विश्लेषणात्मक विधिको आवलम्बन गरिएको छ। एकाङ्कीमा उत्पीडन र प्रतिरोधको अवस्था पत्ता लगाउन लैङ्गिक उत्पीडनका सन्दर्भ तथा पक्षहरूअन्तर्गत पितृसत्तात्मक सामाजिक परिवेश र स्थापित पुरातन सांस्कृतिक मूल्यभित्र नारीका अवस्थितिको खोजी गरिएको छ । एकाङ्कीमा अभिव्यक्त लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका सन्दर्भको अध्ययन गरेपश्चात त्यसमा पितृसत्तात्मक सामाजिक संरचनाका कारण निर्णयशक्ति पुरुषमा केन्द्रित रहेको, पुरुष प्रभुत्व कायम रहेको, मनोवैज्ञानिक रूपमा नारीमाथि दमन हुने गरेको र त्यसका विरुद्ध दमित पक्षले प्रतिरोध गरेको साथै पुरुषवादी मानसिकताबाट पुरुषहरू नै पनि उत्पीडित भएको देख्न सकिन्छ । यहाँ लैङ्गिक उत्पीडन, अझ विशेषतः नारी उत्पीडन विरुद्धको प्रतिरोधी चेतना सशक्त रहेको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी :* उत्पीडन, पितृसत्ता, प्रतिरोध, प्रभुत्वशाली, हिंसा

## विषयपरिचय

विजय मल्ल (वि.सं. १९८२-२०५६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्। नाटक, एकाङ्की, कथा, उपन्यासजस्ता विविध विधामा कलम चलाउने उनको महत्त्वपूर्ण योगदान भने नाटकमा रहेको देखिन्छ। उनका कोही किन बर्बाद होस् (२०१३), जिउँदो लास (२०१७), बहुलाकाजीको सपना (२०२८), दोभान (२०२८) जस्ता नाटक तथा एकाङ्की प्रकाशित छन् । उनी मूलतः सामाजिक यथार्थवादी नाटककार भए तापनि उनका रचनामा लैङ्गिकता, अस्तित्ववाद र नारीवाद जस्ता पाश्चात्य दर्शनको पनि गहिरो प्रभाव परेको पाइन्छ । उनको सत्ताको खोजमा एकाङ्कीमा नारीमाथि भएको लैङ्गिक उत्पीडन र त्यसका विरुद्धको प्रतिरोधी चेतना अभिव्यक्त भएको देखिन्छ। यसमा पितृसत्तात्मक सामाजिक संरचनाभित्र महिलाको यथास्थितिप्रतिको असन्तुष्टि तथा विद्रोहका साथै 'स्व' को खोजी र अस्तित्व निर्माणमा सचेत हनुपर्ने आशय व्यक्त गर्दै नारीका सामाजिक र मनोवैज्ञानिक समस्याको सूक्ष्म विश्लेषण गरिएको छ । मल्लका अन्य नाटक तथा एकाङ्कीमध्ये तुलनात्मक रूपमा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका दृष्टिले सामाजिक यथार्थपरक सन्दर्भको सचेत तथा वैज्ञानिक विश्लेषण गरिएको प्रस्तुत सत्ताको खोजमा एकाङ्की सशक्त रहेको देखिन्छ।

कुनै व्यक्ति महिला वा पुरुष भएकै कारण उसलाई शारीरिक वा मानसिक रूपमा आघात पुग्ने गरी गरिएको जस्तोसुकै हिंसालाई लैङ्गिक उत्पीडन भनिन्छ (पोख्रेल, २०७१, पृ. २८) भने उत्पीडनका विरुद्ध गरिएको प्रतिकारलाई प्रतिरोध भनिन्छ । लैङ्गिक उत्पीडनमा महिला वा पुरुष जो पनि परेको देखिन्छ । सांस्कृतिक अध्ययनको सन्दर्भमा अन्याय, अत्यचार, दमन, उत्पीडनजस्ता कुकृत्यद्वारा सीमान्तीकृत बनाइएको वर्ग वा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

समुदायले त्यसको प्रतिकार गर्नु प्रतिरोध चेतना हो (गुरागाईं, २०७०, पृ. २८) । कुनै पनि समाजको प्रभुत्वशाली संस्कृतिमाथि कुनै समूह वा व्यक्तिले जब प्रश्न गर्छन् त्यहीबाट प्रतिरोध सुरु हुन्छ । फुकोका अनुसार जहाँ शक्तिको अभ्यास देखापर्छ त्यहाँबाट त्यसको विरुद्ध प्रतिकारको सम्भावना मौलाउँछ (उप्रेती,२०६९, पृ.४३) । शासक वर्गका विरुद्धमा विशिष्ट ढङ्गले उभिएको चेतना नै प्रतिरोध हो । जहाँ व्यक्ति वा समुदायका हक अधिकारको हनन र दमन हुन्छ त्यहाँ स्वाभाविक रूपमा प्रतिरोध हुन्छ । यो सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग सम्बन्धित छ । सत्ताको खोजमा एकाङ्कीमा प्रयुक्त नारी पात्रमाथिको लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध उसले गरेको प्रतिरोधी चेतनाका अवस्थाको अध्ययनमा यो लेख केन्द्रित छ । तत्कालीन समाजमा लैङ्गिक उत्पीडनमा परेका नारीहरूको अवस्था र त्यसका विरुद्ध उनीहरूमा उत्पन्न प्रतिरोधी चेतनाको अवस्था केकस्तो रहेको छ भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित भई यो लेख तयार गरिएको छ । यसर्थ उक्त कृतिमा प्रयुक्त लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्था पहिचान गर्नु यस लेखको उद्देश्य रहेको छ । यस सत्ताको खोजमा शीर्षकको एकाङ्कीलाई लैङ्गक उत्पीडन र प्रतिरोसम्बन्धी सैद्धान्तिक अवधारणाको आधारमा अरू कसैबाट पनि अध्ययन गरिएको नपाइएकाले यसले अनुसन्धागत रिक्ततालई समेत पूरा गर्ने अपेक्षा राखिएको छ । यसमा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाको अवस्थालाई मात्र अध्ययन गरिनु यस लेखको सीमा बन्न पुगेको छ ।

## अध्ययन विधि र सामग्री

यो लेखमा विजय मल्लद्वारा लेखिएको सत्ताको खोजमा एकाङ्कीलाई लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका आधारमा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा प्राथमिक र द्वितीय दुवै स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा मल्लको सत्ताको खोजमा एकाङ्की र द्वितीय स्रोतअन्तर्गत लैङ्गिक उत्पीडन र प्रतिरोधसँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र लेखहरू, एकाङ्कीका बारेमा विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेखरचना, स्वतन्त्र अध्ययन तथा पत्रपत्रिकालाई उपयोग गरिएको छ । यी दुवै स्रोतका सामग्रीलाई पुस्तकालय तथा विद्युतीय माध्मबाट सङ्कलन गरिएको छ । यो साहित्यिक लेख भएकाले यसमा गुणात्मक शोधढाँचाको प्रयोग गरिएको छ । त्यसमा पनि मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । सत्ताको खोजमा एकाङ्कीको सूक्ष्म पठन गरेर यसमा लैङ्गिक उत्पीडन र प्रतिरोधका सूचकको पहिचान गर्दै एकाङ्कीको विश्लेषण गर्ने काम गरिएको छ ।

### सैद्धान्तिक पर्याधार

कुनै पनि व्यक्ति महिला वा पुरुष वा तेस्रो लिङ्ग भएकै कारण उसलाई शारीरिक वा मानसिक रूपमा आघात पुग्ने गरी गरिएको जस्तोसुकै हिंसालाई लैङ्गिक उत्पीडन भनिन्छ (पोख्रेल, २०७१, पृ. २८) । यो लिङ्गका आधारमा गरिने विभेद वा पक्षपातपूर्ण व्यवहार हो । महिला वा पुरुष वा तेस्रो लिङ्ग जो पनि लैङ्गिक उत्पीडनमा पर्न सक्छन् । पुरुषका तुलनामा महिला बढी उत्पीडनमा परेका देखिन्छन् । पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला उत्पीडित हुनु परेको हो भन्ने धारणा आमूल नारीवादको रहेको देखिन्छ । पितृसत्ता भनेको परिवारको बुजुरक पुरुषको सत्ता वा शासन हो भन्दै कमला भासिनले सिल्विया वैल्वीको कृति थियोराइजिङ पेट्रियार्कीमा प्रस्तुत भनाइलाई यसरी उल्लेख गरेकी छन् –यो एक यस्तो सामाजिक ढाँचा र रीतिरिवाजको व्यवस्था हो, जसअनुसार पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्छ तथा दमन शोषण गर्दछ (भासिन, सन् १९९८, पृ. ५) । पितृसत्ताले महिलाको प्रजनन क्षमता तथा यौनिकतामाथि पनि नियन्त्रण गर्छ भन्ने धारणा उनको देखिन्छ । नेपाली समाजमा महिलाहरूलाई अछुतको रूपमा गरिने व्यावहार, पितृसत्तात्मक नियन्त्रण, हिंडडुलमा नियन्त्रण, श्रम तथा आयआर्जनमा नियन्त्रण, शरीर तथा प्रजननमा नियन्त्रण, पारिवारिक सम्पति, आर्थिक स्रोत तथा प्राकृतिक संशाधनमा नियन्त्रण, विचारधारा तथा विवेकमा नियन्त्रणजस्ता कारणले महिला सदियौंदेखि उत्पीडनमा पर्दै आएका छन् (भद्रा, २०६७, पृ. ३४–३७) । पितृसत्तात्मक समाजमा नारीहरू परम्परा, धार्मिक नीतिनियम, नैतिकताका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

आधारमा नियन्त्रित हुन्छन्, जसले गर्दा उनीहरू सहनशील बन्न र उत्पीडनको सिकार हुन बाध्य हुन्छन् (पन्त, २०७५, पृ. १३)। अतः पितृसत्ताको प्रभुत्वसँगै नारीप्रतिको विभेद र उत्पीडन प्रारम्भ भएको तथ्य स्वतः स्पष्ट छ। चेतनाको वर्तमान अवस्थामा पनि नारीमाथिको उत्पीडन विभिन्न स्वरूपमा कायमै रहेको देखिन्छ। परिवारदेखि लिइएर राज्यका हरेक निकायमा छोरीलाई छोरासरह व्यवहार गरेको देखिँदैन।

पितृसत्तात्मक समाजमा पुरुषहरू पनि उत्पीडनमा परेका देखिन्छन्। कतिपय स्थानमा पुरुष कमजोर र महिलाद्वारा दबाइएर उत्पीडनमा परेका छन् (पौडेल, २०५९, पृ. ३२)। पूँजीवादी समाजमा महिलाहरूले मात्र होइन, पुरुषहरूले पनि विभिन्न समस्या भोगेर पीडित भइरहेका छन् (बार्कर, २००१, पृ. ११५)। तर पुरुषवादी सोचका कारण उनीहरू आफूमाथि भएका उत्पीडनका बारेमा बोल्न सकिरहेका छैनन्। आफ्ना पीडा ओकेले पुरुसार्थमा धक्का लाग्ने डरले भित्रभित्रै पिल्सिरहेका छन्। महिला भएकाले पुरुषमाथि र पुरुष भएकाले महिलामाथि, समलिङ्गी यौनिकता भएका व्यक्तिले पृथक लिङ्गी व्यक्तिमाथि, पृथक लिङ्गी यौनिकता भएका व्यक्तिले समलिङ्गी यौनिकता भएका व्यक्तिमाथि गर्ने अमर्यादित व्यवहारलाई लैङ्गिक उत्पीडन भनिन्छ (खनाल, २०७५, पृ. ३०)। यसबाट लैङ्गिक उत्पीडन भनेको महिलामाथि हुने उत्पीडन मात्र नभएर पुरुषमाथि हुने उत्पीडन पनि लैङ्गिक उत्पीडन नै हो भन्ने बुझिन्छ। बलात्कार यौनाङ्गमा गरिने जबरजस्ती मात्र नभई गुदद्वार वा मुखमा गरिने जबरजस्ती पनि हो (पिपमिर, सन् २००६, पृ. २७०)। पिपमिरका अनुसार विषमलिङ्गी मात्र होइन, समलिङ्गी पनि बलात्कारजन्य हिंसाको सिकार भई पीडित बन्ने देखिन्छ।

उत्पीडनअन्तर्गत यौनजन्य उत्पीडन मात्र नभई भौतिक र मानसिक यातनाजस्ता विषय पनि पर्छन्, जसअन्तर्गत कुटपिट, खानपिनमा बन्देज, बेवास्ता, तिरस्कार लगायतका उत्पीडनजन्य विषयहरूलाई समावेश गरिएको देखिन्छ। समाजमा पुरुषले मात्र होइन, महिलाले पनि पुरुषमाथि हिंसा र अधीनस्थता कायम गरेका हुन्छन् (भट्टराई, २०७७, पृ. १३८)। समाजमा महिलाहरू पुरुषबाट मात्र होइन, महिलाबाटै पनि दमनमा परेका देखिन्छन्। यसलाई लैङ्गिक अध्ययनमा समलिङ्गी उत्पीडन भनिन्छ (गुरागाईं, २०७०, पृ. ६४)। यसका सामाजिक, राजनीतिक, आर्थिक, यौनिक लगायतका अनेकौं कारण हुन सक्छन्। पुरुषवादी समाजमा कयौं नारीले पितृसत्ताका मान्यतालाई आन्तरीकरण गरी त्यसै अनुरूप बाँच्दै र बोल्दै आएका छन्। कयौं सासू र आमाहरूले आफ्ना छोरीबुहारीहरूलाई पिताकै कानुन मान्ने सल्लाह दिएका छन्। उक्त कानुन विपरीत गए चरित्रहीन कहलाउछेस् भनिरहेका छन् (उप्रेती, २०६९, पृ. १७५)। यसबाट महिला महिलाद्वारा नै उत्पीडनमा परेको प्रस्ट भएको छ। यसरी समाजमा महिला वा पुरुष जो कोही पनि लैङ्गिक उत्पीडनमा पर्न सक्ने अवस्था प्रस्तुत भएको छ। प्रस्तुत सत्ताको खोजमा एकाङ्कीमा पनि नारी वा पुरुषमा हुने यस किसिमका लैङ्गिक उत्पीडनको अभिव्यक्ति पाइन्छ।

लैङ्गिक अध्ययनमा साहित्यिक कृति विश्लेषणका लागि आवलम्वन गर्ने एक महत्त्वपूर्ण मापदण्ड प्रतिरोधसम्बन्धी मान्यता हो। सामान्य अर्थमा कुनै किसिमको आक्रमण वा बल प्रयोगलाई प्रतिकार गर्ने कामलाई प्रतिरोध भनिन्छ। सांस्कृतिक अध्ययनको सन्दर्भमा अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनबाट सीमान्तीकृत बनाइएका जाति, लिङ्ग, वर्ग आदिले प्रभुत्वशाली र शक्तिमा रहेका लिङ्ग, वर्ग, जातिका क्रियाकलापप्रति असहमति जनाउँदै उनीहरूलाई विस्थापित गरी आफू शक्तिमा आउन गरेको सङ्घर्ष वा शक्ति प्राप्तिका लागि गरिएको प्रयास नै प्रतिरोध हो (गुरुङ, २०७०, पृ. १०७। कुनै पनि समाजको प्रभुत्वशाली संस्कृतिमाथि कुनै समूह, वर्ग वा चिन्तकले जब प्रश्न गर्छन् त्यहीबाट प्रतिरोध सुरु हुन्छ (सुवेदी, २०६८, पृ. १३०)। फुकोका दृष्टिमा जहाँ शक्तिको अभ्यास देखापर्छ त्यहाँबाट त्यसको प्रतिरोधको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३)। शासक वर्गका विरुद्धमा उभिएको चेतना नै प्रतिरोध हो। जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध पनि हुन्छ। दुई शक्तिको द्वन्द्वमा प्रतिरोध पछि नै नयाँ शक्तिले जन्म लिन्छ। प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग सम्बन्धित छ। त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ (बार्कर, २००८, पृ. ४५४)। समाजमा शक्तिशाली

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

समुदायले आफ्नो वर्चस्व कायम गर्नका लागि अधीनस्थ समुदायमाथि दमनका प्रक्रियाहरू चालु राख्छ । यस्तो अवस्थामा अधीनस्थ समुदायले दमनविरुद्ध आवाज उठाउने प्रक्रिया नै प्रतिरोध हो । शोषण, दमन, अन्याय, अत्यचारका कारण किनाराकृत गरिएको समुदायले त्यसका विरुद्ध गरेको प्रतिकार नै प्रतिरोध हो । लैङ्गिक अध्ययनमा पितृसत्ता र सामन्तवादी सामाजिक, आर्थिक संरचनाद्वारा उत्पीडनमा परेका नारी, पुरुष र तेस्रो लिङ्गीको प्रतिरोध चेतनाको अवस्था कस्तो रहेको छ, त्यसलाई उनीहरूले सहज स्वीकार गरेका छन् वा प्रतिकार गरेका छन् वा बौद्धिक वर्गले उनीहरूको आवाज उठाएका छन् भन्ने कुराको अध्ययन गरिन्छ । सत्ताको खोजमा एकाङ्कीमा पनि नारी वा पुरुषमा हुने यस किसिमका लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध प्रतिरोधको अभिव्यक्ति पाइन्छ । त्यसैले लैङ्गिक उत्पीडन र प्रतिरोधमा केन्द्रित रहेर सत्ताको खोजमा एकाङ्कीको विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

### सत्ताको खोजमा एकाङ्कीमा लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाको विश्लेषण

कुनै पनि व्यक्ति महिला वा पुरुष वा तेस्रो लिङ्ग भएकै कारण उसलाई शारीरिक, मानसिक वा यौनिक रूपमा आघात पुग्ने गरी गरिएको हिंसा नै लैङ्गिक उत्पीडन हो भने त्यसका विरुद्ध उनीहरूले गरेको प्रतिकारचाहिँ लैङ्गिक उत्पीडन हो । लैङ्गिक उत्पीडनमा महिला वा पुरुष वा तेस्रो लिङ्ग जो पनि पर्न सक्छन् । नेपाली समाज पितृसत्तात्मक व्यवस्थामा आधारित भएकाले यहाँ पुरुषका तुलनामा महिला उत्पीडित बनेको देखिन्छ । पुरुषप्रधान सामाजिक संरचनामा नारीहरू पुरुषद्वारा नियन्त्रित हुनुपर्ने अवस्था रहेको छ । विवाह अगाडि बाबु, दाजु तथा भाइको र विवाहपछि श्रीमानको नियन्त्रणमा रहनुपर्ने बाध्यताले नारीको आर्थिक अधिकार, प्रजननक्षमता, यौनिकतामाथि पुरुषको नियन्त्रण कायम रहन्छ । उनीहरूको स्वतन्त्र अस्तित्व नरहने भएकाले नारीहरू हरेक सन्दर्भमा उत्पीडित बन्न बाध्य हुन्छन् । यसमा नारी स्वतन्त्रता र अस्मिताप्रति बेवास्ता गर्ने पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारी उत्पीडनमा परेको अभिव्यक्ति प्रस्तुत गरिएको छ । एकाङ्कीको प्रमुख नारी पात्र प्रमिला उसकै श्रीमान तिलकमान (काजी साहेब) को पितृसत्तात्मक मानसिकता र अभिमानका कारण उत्पीडन भोग्न विवश भएकी छ । ऊ नारी स्वतन्त्रता र अस्तित्वको बोध गर्ने नारी पात्र भए तापनि उसको श्रीमानको संङ्कीर्णतावादी दृष्टिकोणका कारण ऊ स्वतन्त्र हुन सकेकी छैन । यहाँ तिलकमानले आफूभित्रको पुरुषवादी सोच श्रीमतीमाथि लाद्न खोज्दा ऊ पीडित बनेकी छ । नारीले चुलाचौकामा मात्र सीमित हुनुपर्ने, सन्तान जन्माएर हुर्काउँदै घरगृहस्थी सम्हाल्नु पर्ने, घरबाहिर निस्कन नहुने, लोग्नेको भोगविलासको साधन बन्नु पर्ने अर्थात, श्रीमानको चाहना अनुसार उसले चल्नु पर्ने परम्परित सौचका कारण नारी समुदाय उत्पीडनमा परेको र उनीहरूले आफ्नो अस्तित्व रक्षाका लागि त्यसका विरुद्ध प्रतिरोध गरेको भाव यहाँ प्रकट भएको छ । उत्पीडनका विरुद्धको प्रतिरोधलाई एकाङ्कीमा यसरी प्रस्तुत गरिएको छ–“म स्वास्नी मानिस हुन पाएकी छैन, मेरो घाँटी अँठ्याएको छ कानुनले, व्यवस्थाले । के कात्रो ओढेर मुर्दाहरू जिउँदा जस्ता बाँचेका छैनन् ? खै मेरो आत्मसम्मान (पृ. १०१) !”

माथिको कथांशले समाजमा विद्यमान पितृसत्तात्मक संरचना, कानुन र सामाजिक व्यवस्थाले महिलामाथि गरेको शोषण, दमन र त्यसका विरुद्ध उनीहरूले गरेको प्रतिकारलाई प्रस्तुत गरेको छ । ‘मेरो घाँटी अँठ्याइएको छ’ भन्ने प्रमिलाको अभिव्यक्तिले ऊजस्ता समुदायको हक, अधिकार, स्वतन्त्रता र व्यक्तित्वमाथि लगाइएको सामाजिक तथा लैङ्गिक बन्देजलाई सङ्केत गरेको छ । यहाँ नारीलाई पुरुषसरह स्वतन्त्र भएर बाँच्न नदिने, निर्णय गर्ने अधिकारबाट वञ्चित गर्ने तथा उसको स्वतन्त्र अस्तित्वलाई बेवास्ता गर्ने पुरुष प्रवृत्तिप्रति आक्रोश प्रकट गरिएको छ । यसले लैङ्गिक उत्पीडन तथा शोषणको वास्तविक चित्र उतारेको छ । यहाँ प्रमिला कसैको दबाबविना स्वतन्त्र भएर बाँच्न चाएकी छ तर समाज र कानुनले उसको स्वतन्त्रता हनन गरिदिएकाले उसले त्यस्तो सामाजिक संरचनाप्रति प्रश्न गरेकी छ । ‘म स्वाभिमानी मानिस हुँ’ भन्ने प्रमिलाको अभिव्यक्तिले ऊजस्ता नारी समुदायको आत्मसम्मान र विद्रोही चेतनालाई प्रस्तुत गरेको छ । प्रमिलाले आफुमाथि कानुनी रूपमा नै दमन गर्न सक्ने सामाजिक

मुल्य र व्यवस्थाको खुलैर विरोध गरेकी छ । यसबाट प्रमिलाजस्ता उत्पीडित पात्रहरूमा अन्यायका विरुद्ध प्रतिरोध गर्ने, आफ्नो पहिचान स्थापित गर्ने तथा स्वतन्त्र अस्तित्वको खोजी गर्ने चेतना विकसित भएको प्रस्ट हुन्छ । प्रमिलाले लोग्नेको संकीर्णतावादी अवधारणाको विरोध गरेकी छ । तिलकमानले सारा भौतिक सुख, सुविधा दिएर उसमाथि वर्चस्व कायम गर्न खोजेको भए तापनि प्रमिला आत्मिक सुखको खोजिमा भौतारिरहेकी छ । उसले धन, सम्पती, ऐस, आराम होइन, स्वतन्त्रता खोजेकी छ । ऊ त्यसैमा रमाउँछे । ऊ आत्मसम्मानमा चोट पुगेर बाँच्नु भनेको जिउँदो लासजस्तै हो भन्ने धारणा अभिव्यक्त गर्छे । त्यसैले आफ्नो स्वाभिमानमा चोट पुऱ्याउनेका विरुद्ध प्रतिकारमा उत्रेकी छ । यहाँ पितृसत्तात्मक सामाजिक संरचनाले नारीलाई भौतिक सुखसुविधामा लोभ्याएर घरभित्रै सजाएर केवल भोग्याका रूपमा मात्र प्रयोग गर्ने व्यवस्थाप्रति असहमति प्रकट गर्दै नारी स्वतन्त्रता र अस्मिताको विषयलाई प्रमिलाको माध्यमबाट उठान गरिएको छ । यहाँ प्रमिलाले केवल उसको व्यक्तिगत नभएर ऊजस्तै उत्पीडित नारी समुदायको प्रतिनिधित्व गरेकी छ । समग्रमा यस सन्दर्भले नारीमाथि हुने उत्पीडन र पितृसत्तात्मक शोषण, दमनलाई उद्घाटित गर्दै अन्याय, अत्याचारका विरुद्ध उभिने स्वाभिमानी र प्रतिरोधी चेतना प्रस्तुत गरेको छ ।

पितृसत्तात्मक सामाजिक–सांस्कृतिक मूल्यमान्यताभित्र नारीहरूलाई केवल सजावटको वस्तु, पुरुषको मनोरञ्जनको साधन तथा घरभित्र बन्धी बनाउने प्रवृत्तिको विरोध गरिएको छ । यस कुरालाई एकाङ्कीमा यसरी प्रस्तुत गरिएको छ–“मलाई गहना र लुगाले नबेर, म कोठाको सुन्दर फूलदान होइन । के त्योभन्दा बढी म स्वास्नी मानिस हैन ? के मेरो आफ्नै स्वरूप छैन ? प्राण छैन (पृ. १०१) ?” समाजमा नारीलाई केवल पुरुषको भोग्याका रूपमा मात्र प्रयोग गरिने र त्यो प्रयोग गरिने वस्तु चाहिँ सुन्दर हुनुपर्छ र गर्गहना, लत्ताकपडाले सजाइनु पर्छ भन्ने मानसिकता समाजमा विद्यमान रहेकाले प्रमिलालाई गर्गहना, लत्ताकपडाले बेरेर उसलाई कोठाको सुन्दर फूलदानजस्तो सजाउन खोजिएको छ । उसलाई मात्र खेलौनाका रूपमा हेरिएको, निर्जीव वस्तुजस्तो व्यवहार गरिएकोप्रति असन्तुष्ट व्यक्त गरिएको छ । कपडा र गहनाले सजिँदैमा नारीको सम्पूर्ण पहिचान नस्ट हुँदैन, उसको आफ्नै अस्तित्व, इच्छा, चाहना हुन्छ भन्ने भाव प्रकट भएको छ । तिलकमानसँगको विवाहबाट उसले पूर्णता प्राप्त गर्न सकेकी छैन । उसको नारी स्वपराजित भएको छ । यहाँ उसको पत्नी हुनुको अस्तित्व नै समाप्त भएको छ । तिलकमानको शोषक प्रवृति र एकाधिपत्यमुनि उसको नारी ‘स्व’ दमित र उपेक्षित भएको, उसको यस्तो व्यवहारले प्रमिला प्रताडित भएकी र उसले त्यसको प्रतिरोध गरेकी छ । नारी पनि पुरुषसरह अस्तित्ववान् प्राणी भएकाले पुरुषजस्तै स्वतन्त्र भएर बाँच्न पाउनु पर्छ भन्ने अवधारणा प्रमिलाको माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा नारीलाई निर्णयप्रक्रियाबाट वञ्चित गरिनु, उसको भावनालाई वास्ता नगरिनुजस्ता लैङ्गिक विभेदका रूपको आलोचना गरिएको छ । यहाँ प्रमिलाले आफुलाई निर्जीव वस्तुका रूपमा होइन, अधिकारसम्पन्न चेतनशील मानवका रूपमा स्विाकार गर्न समाजसँग माग गरिरहेकी छ । यसबाट नारीमाथि हुने शोषण, दमन तथा उत्पीडनको विरोध गर्दै स्वतन्त्रता, समानता र स्वपहिचानको पक्षमा आवाज उठेको प्रस्ट भएको छ ।

यस एकाङ्कीमा महिलामाथि भएको उत्पीडन र त्यसका विरुद्ध उनीहरूले गरेको प्रतिरोधको अवस्थालाई मुख्य विषयवस्तु बनाइएको छ । एकाङ्कीकी प्रमुख नारी पात्र प्रमिलाले अस्तित्वविहीन भएर बाँच्न चाहेकी छैन । उसले लोग्नेसरह अधिकार प्राप्त गर्न खोजेकी छ । यदि आफू पुरुषजस्तै अधिकार सम्पन्न भएर बाँच्न नपाउने हो भने जिउँदो लासजस्तो भएर बाँच्न नचाहेको कुरालाई एकाङ्कीमा यसरी व्यक्त गरिएको छ :

> यदि मलाई वास्तविक स्वास्नी मानिस जस्तो बाँच्ने अधिकार दिँदैनन् भने, मलाई अपमान मात्र लिएर यो पृथ्वीमा टिक्नु छ भने जीवनको सबभन्दा ठुलो अधिकार जो मेरो आफ्नो हो, जसलाई कोही खोस्न सक्दैनन्, उपयोग गरेर म मरिदिन सक्छु, म त्यसरी आफ्नो स्वतन्त्रता र हक दाबी गर्न सक्छु (पृ.१०१–१०२) ।

उपर्युक्त कथांशमा प्रमिलाले ‘स्व’ पहिचान गरिसकेकाले आफ्नो अस्तित्व नस्विाकार्ने विभेदकारी सामाजिक संरचनाप्रति विद्रोही बनेकी छ । उसले एउटी स्वास्नीमान्छे स्वास्नीमान्छे जस्तो भएर बाँच्न नपाउने, उसले

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

निरन्तर अपमान, शोषण र दमन मात्र सहनुपर्ने हो भने त्यस्तो जीवन अर्थहीन हुन्छ भन्दै अपमानित भएर बाँच्नुको पनि कुनै अर्थ नभएको अभिव्यक्ति दिएकी छ । आफ्नो 'स्व' गुमाएर जिउँनु भन्दा मर्नुनै उपयुक्त हो भन्ने ठान्ने प्रमिलाले आफू मरेर भए पनि अधिकार स्थापित गरेरै छाड्ने चेतावनी दिएकी छ । यहाँ 'म मरिदिन सक्छु' भन्ने अभिव्यक्ति आत्महत्याको समर्थनभन्दा बढी उत्पीडन विरुद्धको प्रतिरोधको अभिव्यक्तिका रूपमा आएको छ । यसले नारीले आफ्नो जीवनमाथि पुरुषको नियन्त्रण स्विकार नगर्ने बरु स्वतन्त्र अस्तित्वका लागि जुनसुकै कदम चाल्न सक्ने अवस्था अवगत गराएको छ । यसरी एकाङ्कीमा नारीलाई हक–अधिकारविहीन, परनिर्भर तथा अपमानित गर्ने पुरुषवादी सामाजिक संरचनाप्रति सशक्त प्रतिकार गरिएको छ ।

विभेदकारी सामाजिक संरचनाले नारीको काम भनेको पुरुषको मनोरञ्जनको साधन बन्नु पर्ने र सन्तान जन्माएर तिनीहरूको लालनपालन गर्दै घरगृहस्थी सम्हाल्नु पर्ने अनि पुरुषको काम भनेको श्रीमतीलाई खान, लगाउन दिने अर्थात, उसका भौतिक आवश्यकता पूरा गर्ने हो भन्ने विमर्श समाजमा स्थापित गरेकाले यहाँ तिलकमानले उसकी श्रीमती प्रमिलालाई–"तिमीलाई खुवाउनु, लाउन दिनु यही मेरो कर्तव्य थियो, त्यही मैले पूरा गरेँ । तिमी आइमाईको कस्तो सत्ता र अस्तित्व चाहन्छयौ (पृ. १०१) ?" भन्दै प्रश्न गरेको छ । महिलालाई केवल खान र लगाउन दिए पुग्छ, त्यहाँभन्दा बढी उनीहरूले केही पनि चाहना राख्न हुँदैन भन्ने पुरातन सौच तिलकमानको रहेको छ । त्यसैले उसले प्रमिलालाई खानलगाउन दिएर आफ्नो कर्तव्य पूरा गरेको ठहर गरेको छ । उसले श्रीमतीका सबै भौतिक आवाश्यकता आफूले पूरा गरेको अभिव्यक्ति प्रस्तुत गरेर आफू गलत नभएको अवधारणा व्यक्त गरेको छ । यहाँ नारी पनि पुरुषसरह स्वतन्त्र भएर जिउँन चाहन्छन् भन्ने मानसिकता पुरुषमा नभएकाले त्यसप्रति असहमति प्रकट गरिएको छ । यहाँ महिला र पुरुष बिच कायम गरिएको लैङ्गिक भिन्नतालाई स्विकार गर्न नसकी स्वतन्त्र नारीसत्ताको खोजी गर्दै समाजमा पुरुष बराबरको हक दाबी गरिएको छ ।

पुरुषवादी संरचनामा कतिपय अवस्थामा पुरुषहरूले अनजानमै नारीमाथि दमन गरिरहेका हुन्छन् । उनीहरूलाई आफ्नो व्यवहारले महिलाहरू पीडित भएका छन् भन्ने कुराको हेक्कासमेत हुँदैन । जब उनीहरूलाई आफ्नो गल्तीको महसुस हुन्छ, त्यस अवस्थासम्म आइपुग्दा पछुताउनुबाहेक अर्को विकल्प रहदैन । त्यसपछि भने उनीहरू पीडा सहेर जिउँन बाध्य हुन्छन् भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । यस एकाङ्कीको प्रमुख पुरुष पात्र तिलकमान पितृसत्तात्मक सामन्ती संरचनाकै कारण उत्पीडनमा परेको छ । उसले आफ्नी श्रीमती प्रमिलालाई आफ्ना अग्रजले गरेजस्तै व्यवहार गर्दा उसले झुन्डिएर (पृ. ९६) आत्महत्या गरेकी छ । श्रीमतीको निधनपछि उसले आफूले के त्यस्तो अपराध गरेँ र तिमीले आत्महत्या गर्‍यौ, किन गर्‍यौ (पृ. १००) ?" भन्दै विछिप्त बनेको छ । आफूले कुनै त्यस्तो अपराध नगरेको, बाबुबाजेले जे गरे त्यही गरेको अभिव्यक्ति यसरी दिएको छ–"म अपराधी हु , अपराधी ! मैले के अपराध गरेँ तिमी नै भन ? मेरा पुर्खाहरूले जे गरे, समाजले जे गर्‍यो, कुटुम्बहरूले जसरी जीवन गुजारे, मैले त्यही गरेँ । मैले अरू के गरेँ, तिमी नै भन (पृ. १०१) ?" श्रीमतीको निधनपछि पागलजस्तै बनेको तिलकमानले आफ्ना बाबुहजुरबाहरूले आमाहजुरामालाई जस्तो व्यवहार गरे आफूले पनि श्रीमतीलाई त्यस्तै व्यवहार गरेको, समाजले महिलालाई जुन दर्जा दिएको छ, कुटुम्बहरूले महिलामाथि जुन दृष्टिकोण राखेको छ, आफूले पनि त्यस्तै दृष्टिकोण राखेको भन्दै आफूले व्यक्तिगत रूपमा प्रमिलामाथि दमन नगरेको अभिव्यक्ति प्रस्तुत गरेको छ । तिलकमानले आफूले कुनै गल्ती नै नगरेको अनि समाज र पुर्खाबाट सिकेको मुल्य अनुसारनै जीवन विताएको दाबी गर्नुले लैङ्गिक विभेद र उत्पीडन व्यक्तिगत इच्छाभन्दा पनि सामाजिक संरचनाबाट सिर्जित भएको निष्कर्ष प्राप्त भएको छ । समाजले पुरुषलाई प्रभुत्वशाली र महिलालाई अधीनस्थ बनाउने परम्परागत मान्यता निर्माण गरेकोले विभेद तथा उत्पीडनको जड व्यक्ति पात्रमा मात्र नभई पितृसत्तात्मक सामाजिक संरचनामा रहेको सङ्केत गरिएको छ । 'मैले के अपराध गरेँ ?' भन्ने तिलकमानको अभिव्यक्तिले स्थापित सामाजिक मुल्यमान्यताप्रति नै असहमति प्रकट गरेको देखिन्छ । उसले आफूलाई गलत सावित गर्ने सामाजिक दृष्टिकोणमाथि प्रतिवाद गरिरहेको छ । उसले

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

समाजमा स्थापित मान्यताप्रति प्रतिवाद गर्दै आफ्नो बचाउ गर्नु केवल उसको आत्मरक्षा मात्र होइन, परम्परागत मूल्य–मान्यताप्रति पुनर्विचार गर्न बाध्य पार्ने प्रतिरोधी चेतनाको अभिव्यक्ति पनि हो । यस प्रसङ्गले नारीमाथि हुने लैङ्गिक उत्पीडनलाई केवल कुनै व्यक्तिविशेषको व्यवहारको परिणाम नभई पुरुषवादी सामाजिक संरचनाको उत्पादनका रूपमा अभिव्यक्त गरेको छ । यसबाट तिलकमानजस्ता पुरुष समुदायको प्रश्न विभेदपूर्ण सामाजिक मुल्य–मान्यतामाथि पुनर्विचार गर्न बाध्य पार्ने प्रतिरोधी चेतनाको अभिव्यक्ति पनि हो भन्ने प्रस्ट भएको छ ।

## निष्कर्ष

विजय मल्लको सत्ताको खोजमा एकाङ्की लैङ्गिक उत्पीडनका विरुद्ध सशक्त प्रतिकार गरिएको एकाङ्की हो । यसमा नारीलाई भोगविलासका रूपमा मात्र प्रयोग गर्ने, उनीहरूलाई सन्तान उत्पादन र घरधन्दामा नै सीमित पार्ने अनि सामाजिक बन्धनको लगाम लगाएर नारीमाथि दमन गर्ने पितृसतात्मक सामाजिक संरचनाका विरुद्ध एकाङ्कीकी प्रमुख नारी पात्र प्रमिलाको माध्यमबाट प्रतिरोध गरिएको छ । खासगरी नारीलाई समाजमा विद्यमान पुरातन मूल्य–मान्यताका विरुद्ध बोल्न लगाएर उनीहरूलाई नारी अस्तित्वका पक्षमा उभ्याइएको छ । नारीले आफ्नो 'स्व' पहिचान गरिसकेकाले त्यसको प्राप्तिका लागि जस्तोसुकै कठिन परिस्थितिको सामना गर्न पनि तत्पर रहेका तर क्रूर तथा सामन्ती समाजले तिनीहरूको घाँटी अँठ्याएर बाँच्न नदिएको अवस्थालाई यसले उठान गरेको छ । पुरुषहरूले नारीलाई गरगहना, लत्ताकपडा, घरगाडीजस्ता भौतिक सम्पतिको प्रलोभन देखाएर आफ्नो वशमा पार्ने र मनोरञ्जन लिने गरेको तर कतिपय महिलाहरूको त्यस कुरालाई बुझ्ने चेतनाको स्तर नभएको कुरालाई पनि भाउजू पात्रको माध्यमबाट प्रस्तुत गरिएको छ । पितृसत्ताले महिलालाई केवल बजारको खेलौनाका रूपमा मात्र हेर्ने र त्यसको दरभाउ तोकी चाहेको मूल्यमा किनवेच गर्ने अनि आफ्नो इच्छा अनुसार प्रयोग गर्न सक्ने प्रचलनप्रति असहमति प्रकट गर्दै नारीको सुखसत्ता उसको स्वाधीनता र स्वतन्त्रतामा मात्र प्राप्त हुन्छ भन्ने विचारलाई प्रस्ट रूपमा उठाइएको छ । सदियौंदेखि नारीमाथि दमन गरी उसको 'स्व' निर्णयको अधिकारलाई कुण्ठित गरिएकोप्रति असहमति प्रकट गरिएको छ । पुरुषवादी सामाजिक संरचना पुरुषद्वारानै निर्माण गरिएकाले यसले नारीको पक्षमा आवाज उठाउदैन । त्यसैले नारीले आफ्ना लागि आफै सङ्घर्षशील भएर अघि बढ्नुपर्छ भन्ने कुरालाई पनि एकाङ्कीले प्रस्ट्याएको पाइन्छ । प्रमिलाको आत्महत्यापछि उसको श्रीमान् तिलकमानलाई पश्ताप गर्न लगाएर लेखकले समतामूलक अर्थात, लैङ्गिक विभेदरहित समाजको परिकल्पना गरेका छन्, जुन एकाङ्कीको महत्त्वपूर्ण पक्ष हो । पुरातन मूल्यमान्यतालाई नै आत्मसात गरेर नारीले आफ्नो 'स्व' गुमाउन नहुने बरु त्यसको विरुद्ध डटेर लड्नुपर्ने, काँतर र लाचार बनेर नबसी नारी अस्तित्व र स्वतन्त्रा प्राप्तिका लागि तल्लीन हुनुपर्ने विचार मुखरित गरेको छ । यस एकाङ्कीमा महिला मात्र होइन, पुरुष पनि उत्पीडनमा परेको तथ्य प्रस्तुत गरेर समाजमा स्थापित त्यस्तो उत्पीडनकारी सामाजिक संरचनामाथि पुनर्विचार गर्नुपर्ने भाव व्यक्त भएको छ ।

## सन्दर्भग्रन्थसूची


उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा* (चौथो संस्क.), अक्षर क्रियसन्स ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग*, सनलाइट पब्लिकेसन ।

गुरागाईं, राधिका (२०७०), *प्रेमपिण्ड नाटकको लैङ्गिक अध्ययन*. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि. ।

गुरुङ, सुशान्त (२०७०), भूमण्डलीकरण र सांस्कृतिक अध्ययन, *भृकुटी*, (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), १२।

पन्त, साधाना 'प्रतीक्षा'. २०७५), *लैङ्गिक समालोचनाः सिद्धान्त र प्रयोग*, कृति प्रकाशन ।

पिपमिर, आलिसोन (सन् २००७), रेप, लेसिल एल. हे वुड (सम्पा.), दि विमेन्स मुभमेन्ट टुडे : एन इन्साइक्लोपेडिया अफ थर्ड वेभ फेमिनिजम. भोल्युम वान, (पृ.२७०), रावत पब्लिकेसन्स ।

पोख्रेल, दीपककुमार, *रूपमती उपन्यासको लैङ्गिक अध्ययन*, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि. ।


*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

पौडेल, तुलसीराम (२०५९), *लैङ्गिक अध्ययनको रूपरेखा* (दोस्रो संस्क.), निमा पुस्तक प्रकाशन।

बार्कर, क्रिस एन्ड डारिउज गालासिन्स्की (सन् २००१), *कल्चरल स्टडिज एन्ड डिस्कोर्स एन एनालिसिस : ए डाइलग अन ल्याङ्ग्वेज एन्ड आइडेन्टिटि,* सेज पब्लिकेसन्स।

बार्कर, क्रिस (सन् २००८), *कल्चरल स्टडिज थियोरी एन्ड प्राक्टिस* (तेस्रो संस्क.), सेज पब्लिकेसन्स।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, भुँडीपुराण प्रकाशन।

भद्रा, चन्द्रा (सम्पा.), (२०६७), *लैङ्गिक अध्ययन*, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि.

भासिन, कमला (सन् १९९८), *ह्वाट इज प्याट्रियार्की ?* (दोस्रो संस्क), कली फर विमिन।

मल्ल, विजय (२०७७), *सत्ताको खोजमा*, त्रिभुवन विश्वविद्यालय पाठ्क्रम विकास केन्द्र, अनिवार्य नेपाली विषय स्थायी समितिद्वारा सम्पादित नेपाली साहित्यिक रचना (तेस्रो संस्क), साझ प्रकाशन।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.) *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड)*, (पृ.१२५–१३९), रत्न पुस्तक भण्डार।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*